मुख्यमन्त्री

गण्डकी प्रदेश सरकार
माननीय मुख्यमन्त्रीको निजी सचिवालय
पोखरा, नेपाल

गण्डकी प्रदेश
पोखरा, नेपाल

## शुभकामना सन्देश !

नेपालको संविधान बमोजिम मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको गन्तव्यमा पुग्ने गरी यात्रारत छ। एकात्मक शासन व्यवस्थाबाट नागरिक अपेक्षा पूरा हुन नसकेको महसुस भएकोले देशलाई संघात्मक शासन व्यवस्था मार्फत् सामाजिक न्यायसहितको समावेशी, सन्तुलित र दिगो विकासको गतिलाई अगाडि बढाउन प्रादेशिक विकासको अवधारणा अघि बढेको छ। यसलाई संस्थागत गर्दै प्रदेश सरकार गठन भएको ४ वर्षे सुखद अवधि व्यतित गरी पाँचौ वर्षमा प्रवेश गर्दै गरेको यो पुनित् अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका गण्डकी प्रदेशका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूप्रति गण्डकी प्रदेश सरकारको तर्फबाट हार्दिक शुभकामना व्यक्त गर्दछु।

नेपालको लोकतान्त्रिक आन्दोलन तथा सामाजिक आर्थिक रुपान्तरणका लागि नेपाली जनताको बलिदानी नेपालको इतिहासमा स्वर्णिम अक्षरले लेखिएको छ । सिमित स्रोत साधनका बीच प्रदेश सरकारले नागरिकको नजिक पुगेर सेवा प्रवाह गर्ने प्रयास गर्दै आएको छ। हामीले भौतिक पूर्वाधार विकास मात्र होइन सामाजिक क्षेत्रलाई समेत उत्तिकै महत्वमा राखेर त्यही अनुसार निर्णय गर्दै आएका छौं । प्रदेश विकासका लागि प्रष्ट मार्गचित्र निर्माणका साथै राजश्व वृद्धि गर्दै दातृ निकायहरुको सहयोगलाई प्रदेशले प्राथमिकतामा राखेका छौं। निजी क्षेत्रको सहभागिता बिना समृद्धि सम्भव छैन। त्यसैले हामी निजी क्षेत्रका लागि लगानीमैत्री वातावरण निर्माणका लागि तल्लीन छौं ।

हामी सबैको प्रयासबाट प्राप्त उपलब्धिप्रति पूर्ववत सरकार, प्रदेश सभा, राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, नागरिक समाज, राजनीतिक दल, सञ्चार जगत, विकास साझेदार सबैप्रति हार्दिक आभार व्यक्त गर्दछु। प्रदेश सरकारले स्थापनाको छोटो समयमा उल्लेख्य उपलब्धि हासिल गरको छ। तर हामीलाई थाहा छ, जनआंकाक्षा पूरा गर्न आगामी दिनमा अझ धेरै मेहनत गर्नुपर्ने आवश्यकता छ । प्रदेशलाई समृद्ध बनाउने र प्रदेशवासीलाई सुखी र खुसी बनाउने सबालमा हामीले सम्पूर्ण मतभेदहरु बिर्सेर एक्यवद्ध भएर लाग्न म यस अवसरमा सबैमा हार्दिक अपिल गर्दछु।

मिति : २०७८ फागुन ४

कृष्णचन्द्र नेपाली पोखरेल